आकाशवाणी

26-04-26

मुख्य समाचार।

- प्रधानमन्त्री नरेन्द्र मोदी भोली  र पर्सी सिक्किमको पचासौँ राज्य स्थापना वर्ष समापन समारोहमा सहभागी हुन सिक्किम भ्रमणमा आउनुहुने भएको छ
- प्रधानमन्त्रीले भारतको दुग्ध क्षेत्रमा भइरहेको प्रमुख परिवर्तनको पनि उल्लेख गर्नुभयो
- अमेरिकाको राजधानीमा हतियारधारी अज्ञात व्यक्तिले गोली चलाएपछि अमेरिकी राष्ट्रपति तथा अन्य उच्च अधिकारीहरू  सुरक्षित , अनि
- भारतीय मौसम विभागले लूबाट बाच्न सावधानी अपनाउन सर्वसाधारणलाई गरेकोछ आग्रह

-----------

## 1. प्रधानमन्त्रीको सिक्किम भ्रमण

प्रधानमन्त्री नरेन्द्र मोदी भोली र पर्सी सिक्किमको पचासौँ राज्य स्थापना वर्ष समापन समारोहमा सहभागी हुन सिक्किम भ्रमणमा आउनुहुने भएको छ। यस अवसरमा उहाँले चार हजार करोड रुपैयाँभन्दा बढीका विभिन्न विकास परियोजनाहरूको उद्घाटन गर्नुहुनेछ। प्रधानमन्त्री मोदी सत्ताइस अप्रेलमा सिक्किम आइपुग्नुहुनेछ भने अठ्ठाइस अप्रेलमा गान्तोकस्थित Paljor Stadium मा आयोजना हुने मुख्य समारोहलाई सम्बोधन गर्नुका साथै विभिन्न क्षेत्र गरी कुल तीसवटा जति परियोजनाहरूको लोकार्पण र आधारशिला राख्ने कार्यक्रमरहेको छ। भ्रमणका क्रममा उहाँले  गान्तोक स्थित लुम्सेमा नवनिर्मित जन सेवा सचिवालय, याङ्याङस्थित Sikkim University को स्थायी परिसर तथा पश्चिम सिक्किमको चाकुङमा रहेको Netaji Subhash Chandra Bose University of Excellence को प्रशासनिक भवन उद्घाटन गर्नुहुनेछ।

स्वास्थ्य क्षेत्रमा याङ्याङ्मा एक सय शय्याको आयुर्वेद अस्पताल र एन.आई.टी देउरालीमा **सोवा रिग्पा अस्पताल** उद्घाटन गर्नुहुनेछ। पर्यटन तथा धार्मिक पूर्वाधारअन्तर्गत कैलाश मानसरोवर यात्राका लागि अठारह  माइल स्थित **हाङ्गु** पोखरी परिसरमा निर्मित केन्द्रसहित आवश्यक सुविधा विस्तार गरिनेछ।

## 2. मनकी बात

प्रधानमन्त्री नरेन्द्र मोदीले  आज बिहान एघाह्र बज ी आकाशवाणी के 'मन की बात' कार्यक्रमको एक सय तेत्तिसऔँ संस्करणमा देश-विदेशका मानिस संग आफ्नो विचार साझा गर्नुभयो। प्रधानमन्त्रीले मे महिनाको सुरुवात बुद्ध पूर्णिमा जस्तो पवित्र अवसरसँग भइरहेको उल्लेख गर्दै सबैलाई शुभकामना व्यक्त गर्नुभयो।  यसै सन्दर्भमा उहाँले पूर्वोत्तर क्षेत्रको बाँस क्षेत्रमा हासिल भएको सफलताबारे चर्चा गर्नुभएको छ। उहाँले एक समय बोझका रूपमा हेरिएको बाँस आज रोजगारी, व्यवसाय र नवप्रवर्तनको नयाँ आधार बनेको बताउनुभयो।

प्रधानमन्त्री मोदीले ब्रिटिश शासनकालमा बाँसलाई रुखको रूपमा परिभाषित गरिएकाले त्यससम्बन्धी नियम अत्यन्त कडा रहेको उल्लेख गर्दै बाँस ओसारपसार गर्न निकै कठिन भएकाले मानिसहरू यस व्यवसायबाट टाढिँदै गएको बताउनुभयो। उहाँले सन् दुई हजार सत्रमा आफ्नो सरकारले कानुन परिवर्तन गरी बाँसलाई रुखको श्रेणीबाट हटाएको जानकारी दिनुभयो। उहाँले आज पूर्वोत्तरभर बाँस क्षेत्र फस्टाउँदै गएकोमा सन्तोष व्यक्त गर्नुभयो। प्रधानमन्त्री मोदीले त्रिपुराको गोमती जिल्लाका बिजोय सुत्रधर र दक्षिण त्रिपुराका प्रदीप चक्रवर्तीको उदाहरण दिँदै नयाँ कानुनलाई अवसरका रूपमा उपयोग गरी प्रविधिसँग काम जोडेर पहिलेभन्दा उत्कृष्ट बाँसजन्य उत्पादन गरिरहेको बताउनुभयो।

उहाँले मिजोरमको मामित जिल्लामा बाँस टिस्यु कल्चर र पोलीहाउस व्यवस्थापनमा समेत टोलीहरू काम गरिरहेको बताउनुभयो। प्रधानमन्त्रीले सिक्किमको गान्तोक नजिकको **लगास्टल**

**बाँस इन्टरप्राइज** टोलीले बाँसबाट हस्तकला, अगरबत्ती, फर्निचर तथा भित्री सजावटका सामग्री उत्पादन गरिरहेको उल्लेख गर्नुभयो।

प्रधानमन्त्रीले भारतको दुग्ध क्षेत्रमा भइरहेको प्रमुख परिवर्तनको पनि उल्लेख गर्नुभयो, जहाँ मूल्य अभिवृद्धिले परम्परागत स्वादहरूलाई नयाँ वैश्विक पहिचान दिएको छ। सिक्किमलाई उल्लेख गर्दै उहाँले भन्नुभयो, "छुर्पी , सिक्किममा धेरै लोकप्रिय छ। पहाडको सरलता र कोमलता यसको स्वादमा पनि महसुस गर्न सकिन्छ। सिक्किमकी उद्यमी तथा लगस्टल ब्याम्बू एन्टरप्राइजकी संस्थापक छिमी ओङ्मु भुटियाले मन की बातको एक सय तेतिसऔं एपिसोडमा प्रधानमन्त्रीबाट प्रशंसा पाएपछि आफ्ना विचारहरू साझा गर्नुभयो ।

## 12. ट्रंप-हमला

अमेरिकाको राजधानी वाशिङ्टन स्थित एउटा होटलमा हतियारधारी अज्ञात व्यक्तिले गोली चलाएपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प तथा अन्य उच्च अधिकारीहरूलाई सुरक्षित रूपमा बाहिर निकालिएको छ। यो घटना अमेरिकी राष्ट्रपति कार्यालय कभर गर्ने संवाददाताहरूका लागि हुने वार्षिक ह्वाइट हाउस Correspondents डिनरका क्रममा भएको हो। पछि ह्वाइट हाउसमा आयोजित पत्रकार सम्मेलनमा राष्ट्रपति ट्रम्पले घटनासम्बन्धी क्यालिफोर्नियाका एक व्यक्तिलाई हिरासतमा लिइएको जानकारी दिनुभएकोछ । प्रधानमन्त्री नरेन्द्र मोदीले अमेरिकाको राजधानी स्थित एक होटलमा भएको यस घटनापछि राष्ट्रपति डोनाल्ड ट्रम्प, उहाँकी पत्नी तथा उपराष्ट्रपतिको सुरक्षित उद्धारप्रति सन्तोष व्यक्त गर्नुभएको छ। श्री मोदीले लोकतन्त्रमा हिंसाको कुनै स्थान नरहेको बताउँदै यस्ता घटनाको एक स्वरमा निन्दा गरिनुपर्ने बताउनुभएको छ।

## २८. आन्ध्र प्रदेश मुख्यमन्त्री - पेट्रोल

आन्ध्र प्रदेशका मुख्यमन्त्री एन. चन्द्रबाबु नाइडुले राज्यमा पेट्रोल र डिजेलको अवस्थाबारे समीक्षा गर्नुभएको छ। राज्यमा अत्यधिक माग र हतारमा इन्धन खरिदका कारण धेरै पेट्रोल पम्प बन्द रहेका छन्।अधिकारीहरूका अनुसार इन्धन आपूर्तिमा दस प्रतिशत वृद्धि गरिए पनि हतारमा खरिदका कारण बिक्रीमा उल्लेखनीय वृद्धि भएको छ। मागमा अचानक भएको वृद्धिका कारण धेरै बिक्री केन्द्रहरूमा इन्धनको Stock छिट्टै सकिँदै गएको बताइएको छ। अधिकारीहरूले मत्स्य पालन क्षेत्रमा इन्धन आपूर्तिमा देखिएको कठिनाइ प्रति पनि चिन्ता व्यक्त गरेका छन्। मत्स्य पालन क्षेत्रमा सामान्यतया डिजेल ड्रममार्फत खरिद गरिने गरिन्छ।

## पञ्चवर्षीय परियोजना

पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्रालय र राष्ट्रिय जैविक विविधता प्राधिकरणले तमिलनाडु र मेघालयमा जैविक विविधता व्यवस्थापनका लागि पञ्चवर्षीय परियोजना सुरु गरेका छन्। अठचालिस लाख डलरभन्दा बढी अनुदान रहेको यो परियोजना सन् दुई हजार पचिस देखि दुई हजार तिस सम्मका लागि हो। तमिलनाडुमा यो परियोजनाले मुदुमलाई र सत्यमंगलम बाघ अभयारण्यसहित सत्यमंगलम क्षेत्रलाई समेट्नेछ। मेघालयमा भने गारो हिल्स क्षेत्रमा यो परियोजना लागू गरिनेछ, जसअन्तर्गत नोकरेक जैवमण्डल आरक्ष, बालपक्रम राष्ट्रिय निकुञ्ज तथा सिजु वन्यजन्तु आरक्ष समावेश छन्। यो परियोजना पारिस्थितिकीय दृष्टिले महत्त्वपूर्ण दुई भू-परिदृश्यमा केन्द्रित रहने बताइएको छ।

### भारत र उज्बेकिस्तान

भारत र उज्बेकिस्तानबीचको सातौँ संयुक्त सैन्य अभ्यास **डस्टलिक** उज्बेकिस्तानको नमङ्गनमा सम्पन्न भएको छ। दुई हप्तासम्म सञ्चालन भएको यस अभ्यासमा अर्ध-पर्वतीय क्षेत्रमा गरिने कारबाहीसम्बन्धी अभ्यास गरिएको थियो। रक्षा मन्त्रालयका अनुसार, यो अभ्यास भारत र उज्बेकिस्तान बीचको मैत्री, आपसी विश्वास तथा बढ्दो रक्षा सहकार्यको भावनाको प्रतीक हो।

### भारत–लूको प्रकोप

देशका विभिन्न भागमा अत्यधिक गर्मी र लूको प्रभाव बढ्दै गएको छ। विश्वका एक सय सबैभन्दा ताता सहरमध्ये पन्चानब्बे सहर भारतमा रहेका छन्। भारतीय मौसम विभागले लूबाट बाच्न सावधानी अपनाउन सर्वसाधारणलाई आग्रह गरेको छ।